# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ३) छत्रदेव गाउँपालिका मितिः २०७६/१२/२० (संख्याः ११**


**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७६ सालको मापदण्ड नं. १**

**मापदण्डको नाम : कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा राहत व्यवस्थापन कोष स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड, (ग-७-२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष), २०७६**

**पृष्ठभूमिः**

विश्वव्यापीरुपमा माहामारी भई फैलिएको नोवेल कोरोना भाईरस (कोभिड-१९) बाट नेपाल पनि उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनलगायत अन्य तथ्यहरुले प्रमाणीत गरिसकेको अवस्था छ । यसै सन्दर्भमा कोरोना

भाईरसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले लक डाउन गरिसकेकोमा सोको सफल कार्यान्वयनको लागि प्रदेश र स्थानीय सरकारहरु, सम्पूर्ण राजनीतिक दलहरुलगायत अन्य संघ सस्थाहरुबाट सहयोग भईरहेको छ । बैदेशिक रोजगारीको लागि तेस्रोमूलुक र भारत जानेहरुको संख्या यस छत्रदेव गाउँपालिकामा अत्याधिक रहेकोले यो गाउँपालिका उच्च जोखिममा रहेको अवस्था छ । यस गाउँपालिका क्षेत्र भित्रका आम नागरिकहरुलाई कोरोना भाईरसको संक्रमण हुनबाट बचाउन तथा रोकथाम र नियन्त्रणका लागि आवश्यक क्रियाकलापहरुको सञ्चालन र व्यवस्थापनको गर्न छुट्टै कोषको स्थापना गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यो **''कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा राहत व्यवस्थापन कोष स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड, २०७६''** लागु गरिएको छ ।

## भाग-१
## संक्षिप्त नाम र प्रारम्भ

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

क. यस मापदण्डको नामः **''कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा राहत व्यवस्थापन कोष स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड, (ग-७-२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष), २०७६**" छत्रदेव गाउँपालिका, अर्घाखाँची रहने छ ।

ख. प्रारम्भः यो मापदण्ड तत्काल लागू हुनेछ र गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**१.२ उदेश्यः**

क. छत्रदेव गाउँपालिकामा ''कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा राहत व्यबस्थापन कोष-२०७६" स्थापना गरिनेछ ।

ख. यस गाउँपालिकाभित्र कोरोना भाइरसबाट आम नागरिक प्रभावित भएमा निजहरुको स्वास्थ्य उपचार, क्वारेन्टाइनमा बस्ने व्यवस्था, रोकथाम तथा नियन्त्रणका लागि आवश्यक सामाग्रीहरु खरिद र वितरण, जनचेतना फैलाउने लगायतका कार्यमा खर्च गर्नका लागि **"कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा राहत व्यवस्थापन कोष -२०७६"** खडा गरिएको छ।

**भाग-२**

## कोषमा रहने रकम

२.१ यस कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा राहत व्यबस्थापन कोषमा देहायका क्षेत्र, वर्ग, समुदाय तथा व्यक्तिहरुबाट प्राप्त रकम।

२.२ कोषमा रहने रकमः गाउँपालिकाले आवश्यक ठानी कोषमा जम्मा भएको रकम, कोषमा विभिन्न संघ, संस्था, प्रदेशसभा तथा संघीयसभाका सांसदज्यूहरु, यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु तथा पदाधिकारीज्यूहरु, राजनीतिक दल, राजनीतिकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षा क्षेत्रका संघ,संगठन एवं शिक्षकहरु, बिभिन्न सहकारी संस्थाहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, निर्माण व्यबशायीहरु, उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्श, उद्योगी, व्यबशायी, पेशाकर्मीहरु, देश बिदेशमा रहने महानुभावहरु, समाजसेवीहरु, दानवीरहरु लगायत कोरोना माहामारी नियन्त्रण र व्यवस्थापनको लागि सहयोग गर्न इच्छुक आम नागरिकहरुबाट प्राप्त हुने रकम र सो रोग नियन्त्रणका लागि अन्य गैरसरकारी निकायहरुबाट प्राप्त हुने रकम।

## भाग-३
## कोषको सञ्चालन र व्यवस्थापन

**क.** कोषको सञ्चालन र ब्यवस्थापनको लागि देहाय बमोजिमको एक समिति रहनेछ।

- संयोजकः गाउँपालिका अध्यक्ष
- सदस्यः उपाध्यक्ष
- सदस्यः प्रमुख प्रशासकीय अधिकृत
- सदस्यः आर्थिक विकास समितिको संयोजक
- सदस्यः स्वास्थ्य शाखा प्रमुख
- सदस्यः वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक
- सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

**ख.** **समितिको बैठक**: समितिको बैठक र कार्यप्रक्रिया समिति आफैले तय गरे बमोजिम हुनेछ।

**ग.** **कोषबाट खर्च गर्न पाईने शिर्षकहरु**:यस कोषमा जम्मा हुने रकमबाट दफा २.३ मा गठीत समितिको निर्णय बमोजिम देहायका शीर्षकहरुमा खर्च गर्न सकिनेछ।

- कोरानाभाईरसको संक्रमणबाट जोगिनको लागि आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी समाग्रीहरु खरिद र वितरण गर्न।
- सार्वजिनक क्वारेन्टाईन स्थापना र सञ्चालन गर्नमा लाग्ने खर्च।
- कोरोना भाईरसबाट संक्रमित भएकाहरुलाई उपचार स्थलसम्म पु-याउन लाग्ने खर्च।

- सामुदायिक क्वारेन्टाईनमा स्वास्थ्य र सुरक्षा सेवा प्रदानामा लाग्ने खर्च।
- सार्वजनिक क्वारेन्टाईनमा वसेकाहरुको लागि आवश्यक पर्ने खाद्य सामाग्री र सरसफाईका सामाग्रीहरुको खरिद गर्नमा लाग्ने खर्च।
- कोरोना संक्रमण भएका र क्वारेन्टाईनमा बसेकाहरुमध्ये विपन्न परिवारहरुका लागि (ज्याला मजदुरी गरेर दैनिक छाक टार्नेहरुका लागि मात्र) आर्थिक राहत सहयोग  गर्न लाग्ने खर्च।
- कोरोना भाईरस रोकथाम, नियन्त्रण र व्यवस्थापनका क्षेत्रमा संघ र प्रदेश सरकारले निर्दिष्ट गरेका क्षेत्रहरुमा गरिने खर्च।
- समितिले आवश्यक ठानेका माहामारीका अन्य क्षेत्रहरुमा गरिने खर्च।

घ. **कोषको खाता सञ्चालन र लेखापरीक्षण**ः स्थानीय तह प्रकोप ब्याबस्थापन कोषको खाता प्रमुख प्रशासकीय अधिकृत  र आर्थिक प्रशासन शाखा प्रमुखको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ।

ङ. **लेखापरिक्षण**ः यस कोषको लेखा परिक्षण गाउँपालिकाका अन्य कोषहरुको लेखा परीक्षण जसरी हुन्छ सोही नियमानुसार  हुनेछ।

## भाग-४
## विविध

३.१ कोरोना भाईरसको नियन्त्रणपछि कोषमा रकम बचत हुन आएमा यस्तै अन्य माहामारीको रोकथाम तथा नियन्त्रण,सरसफाई  तथा अन्य विपद् व्यवस्थापनका कार्यहरुमा खर्च गर्न  सकिने छ।

३.२ यस कोषमा मौज्दात हुन आएको रकम खर्च गर्नको लागि कोष सञ्चालन र व्यवस्थापन समितिको निर्णयले यस गाउँपालिकामा रहेको विपद् व्यवस्थापन कोषमा उक्त रकम जम्मा गरिनेछ ।

३.३ यस कोषलाई थप व्यवस्थित र परिमार्जन गर्न उपुक्त भएमा गाउँ कार्यपालिका बैठकको निर्णयले आवश्यकता अनुसार परिमार्जन गर्त तथा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**प्रमाणिकरण मितिः २०७६/१२/२०**

आज्ञाले
**खिमानन्द भुसाल**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका